DeKalb County School District

Digital Dreamers

# डिजिटल ड्रिमर्स इन्टरनेट जडान यन्त्र प्रयोगकर्ता सम्झौता SY2024–2025

DeKalb County School District ले शैक्षिक वर्ष (SY 2024 – 2025) मा प्रिकिन्डरगार्टन देखि ग्रेड 12 सम्मका विद्यार्थीहरूले इन्टरनेट प्रयोग गर्न सकून् भन्नका निम्ति घरपरिवारलाई एउटा इन्टरनेट कनेक्टिभिटी डिभाइस प्रदान गर्नेछ । इन्टरनेट कनेक्टिभिटी डिभाइस DCSD (DeKalb County School District) को सम्पत्ति हो र विद्यार्थी डिस्ट्रिक्टबाट निस्किँदा र/वा वर्षको अन्त्यको सङ्कलन प्रक्रियामा फिर्ता गर्नु पर्दछ ।

*आमाबाबु र विद्यार्थीहरूले पढ्न, हस्ताक्षर गर्न र यस कागजातको साथसाथै विद्यालयमा कक्षाकोठा तथा विद्यालय डिस्ट्रिक्टको व्यवहार र प्रविधिको प्रयोगसँग सम्बन्धित नीति र कार्यविधिहरूमा रहेका निर्देशिकाहरू पालना गर्न आवश्यक हुन्छ ।

**सम्पर्क व्यक्ति:** तपाईंसँग कुनै पनि प्रश्न वा जिज्ञासाहरू छन् भने कृपया आफ्नो स्कूल प्रशासनलाई सम्पर्क गर्नुहोस् ।

## इन्टरनेट कनेक्टिभिटी डिभाइसको प्रयोगकर्ता सम्झौता

### डिभाइस प्राप्त गर्ने तरिका

डिभाइस प्रदान गरिनुअघि नै अभिभावक र विद्यार्थीले अनिवार्य रूपमा यस सम्झौतामा हस्ताक्षर गरी फिर्ता पठाउनुपर्छ ।

### डिभाइस फिर्ता गर्ने तरिका

विद्यालय वर्षको अन्त्यमा डिभाइसहरू विद्यालयमा फिर्ता गरिनेछ । DCSD द्वारा उपलब्ध गराइएका डिभाइसहरूको प्रयोग कुनै पनि व्यक्तिलाई हस्तान्तरण गर्न मिल्दैन र विद्यार्थीहरू विद्यालयबाट बाहिर निस्केपछि डिभाइस प्रयोग गर्ने अनुमति पनि समाप्त हुन्छ ।

कुनै पनि कारणले विद्यार्थीलाई स्कूलबाट ट्रान्सफर गरियो, उसको भर्ना फिर्ता लिइयो, उसलाई निष्कासित गरियो वा उसको भर्ना समाप्त गरियो भने विद्यार्थीले आफूसँग भएको डिभाइस सोही दिन फिर्ता गर्नुपर्छ ।

उपकरण फिर्ता गर्न विफल भएका विद्यार्थीले उपकरण तथा सहायक सामग्रीहरूको पूर्ण खर्च भुक्तानी गर्नु पर्ने हुनसक्छ र उपकरण तथा सहायक सामाग्रीहरू फिर्ता नगरेसम्म वा प्रतिस्थापन शुल्क भुक्तानी नगरेसम्म त्यस्ता विद्यार्थीको ग्रेड कार्ड, ट्रान्सक्रिप्ट, डिप्लोमा, वा प्रगति प्रमाणपत्र पनि रोकिन सक्छ ।

### क्षतिपूर्ति र नोक्सान

यदि कुनै डिभाइस विद्यार्थीलाई प्रदान गरिएको समयमा जानाजान वा लापरवाहीका कारण बिग्रियो, हरायो वा चोरी भयो भने, विद्यार्थी तथा उसका आमाबाबु/अभिभावक यस कागजातमा उल्लेख गरिएका जरिवारनाहरू तिर्नका लागि उत्तरदायी हुनेछन् ।

### लापरवाह

कुनै यन्त्र एउटै शैक्षिक वर्षमा धेरै पटक बिग्रिएको खण्डमा डिस्ट्रिक्टको प्रशासनले इन्टरनेट जडान यन्त्रको पूर्ण प्रतिस्थापन सहित $ 457.65 सम्मको कार्यको पाठ्यक्रम निर्धारण गर्ने छ।

### जिम्मेवार डिभाइस प्रयोग

डिस्ट्रिक्ट-जारी गरिएका यन्त्रहरूको सबै प्रयोगकर्ताहरूले डिस्ट्रिक्टका नीति र सञ्चालन दिशानिर्देशहरू *IFBGA* मा उल्लिखित अपेक्षाहरू पालना गर्नुपर्दछ: *इन्टरप्राइज नेटवर्कको जिम्मेवारीपूर्ण प्रयोग, JD: विद्यार्थीको अनुशासन/विद्यार्थीको आचार संहिता,* र *JS: विद्यार्थी जरिमाना तथा शुल्क* ।यी अपेक्षाहरूको पालना गर्न नसक्ने विद्यार्थीलाई अनुशासनात्मक कारबाही हुन सक्नेछ । सबै डिस्ट्रिक्ट नीतिहरू www.dekalbschoolsga.org मा फेला पार्न सक्नुहुन्छ।

यी यन्त्रहरू CIPA (बच्चाहरूको इन्टरनेट संरक्षण एन) अनुपालन स्कूल डिस्ट्रिक्टद्वारा फिल्टर गरिएको छ र निर्देशनात्मक उद्देश्यहरूका लागि मात्र प्रयोग गरिने छ। विद्यालय परिसर बन्द हुँदा, आमाबाबु/अभिभावकहरू विद्यार्थीको डिभाइस प्रयोगमा निगरानी गर्नको लागि पूर्ण रूपमा जिम्मेवार हुन्छन् । विद्यार्थीले कुनै पनि किसिमको अनुचित व्यवहार देखाउन वा कुनै पनि स्थानबाट कुनै पनि समयमा डिभाइस प्रयोग गरेर निषेधित सामग्रीहरू माथि पहुँच गर्न पाउने छैन । विद्यालयको परिसरमा होस् वा बाहिर, विद्यार्थीहरूले अनुपयुक्त गतिविधिहरूका लागि डिभाइस प्रयोग गरेमा तिनीहरूलाई अनुशासनात्मक र/वा कानुनी कारबाही गरिनेछ ।

## गोपनीयता

डिस्ट्रिक्टद्वारा जारी गरिएको डिभाइस DCSD को सम्पत्तिको रूपमा रहनेछ । त्यसैले, डिभाइसमा गरिएका कुनै पनि कुरा गोपनीय हुँदैन । यसको अर्थ के हुन्छ भने, DCSD का कर्मचारीले जुनसुकै समयमा डिस्ट्रिक्टले जारी गरेको विद्युतीय उपकरण जफत गर्न सक्छ र त्यसमा के-के प्रयोग भयो भनेर हेर्न सक्छ ।

DeKalb County School District ले बालबालिका अनलाइन गोपनीयता संरक्षण ऐन (**COPPA**), बालबालिका इन्टरनेट संरक्षण ऐन (**CIPA**) र पारिवारिक शिक्षा अधिकार र गोपनीयता ऐन (**FERPA**) का सबै पक्षहरूलाई मान्यता दिन्छ।

DeKalb County School District ले विद्यार्थीको घरका नेटवर्क, उपकरणहरू वा इन्टरनेट जडानको निगरानी गर्दैन। डिस्ट्रिक्टले डिस्ट्रिक्टद्वारा जारी गरिएका डिभाइसहरूको प्रयोगमा निगरानी गर्छ । थप रूपमा, DCSD ले यन्त्र हराएको वा चोरीको घटनामा डिस्ट्रिक्टद्वारा जारी गरिएका यन्त्रहरूको स्थान ट्र्याक गर्दछ।

## डिभाइसको मासिक प्रयोग

DeKalb County School District ले मासिक रूपमा यन्त्रहरूको निगरानी गर्ने छ। डिस्ट्रिक्टले उपकरण कम रूपमा प्रयोग भएको पायो भने विद्यालयले कस्तो खालको सहायता प्रदान गर्न सकिन्छ भनेर विचार गर्न अभिभावक(हरू) लाई सम्पर्क गर्नेछ ।. प्रयोग कम छ वा स्वीकार्य प्रयोग सम्झौता उल्लङ्घन गरिएको छ भने डिस्ट्रिक्टले एक परिवारलाई यन्त्र फिर्ता गर्न अनुरोध गर्ने अधिकार सुरक्षित राख्छ।

## यन्त्र बिग्रिएको, हराएको वा चोरी भए जरिवाना लाग्छ

यदि विद्यार्थीलाई हस्तान्तरण गरिएको समय अवधिमा कुनै पनि कारणले गर्दा डिभाइस र वा सामग्रीहरू हराएको वा चोरी भएका छन् भने, जानबुझेर होस् वा लापरवाहीको कारणले गर्दा होस्, विद्यार्थी र आमाबाबु/अभिभावक निम्नलिखित शुल्कहरूका लागि जिम्मेवार हुन्छन्:

### नयाँ इन्टरनेट कनेक्टिभिटी डिभाइसका लागि लाग्ने खर्च

| | |
|---|---|
| **हराएको/चोरी भएको/मर्मत गर्न नसकिने गरी क्षतिग्रस्त भएको** | • पूर्ण प्रतिस्थापनको शुल्क ($ 90.00 चेक आउटका लागि उपलब्ध यन्त्रमा निर्भर गर्दछ) |
| **बिग्रिएको तर मर्मत गर्न मिल्ने** | • बिग्रिएको यन्त्रहरू मर्मत एक विकल्प हो भने निर्धारण गर्न DCSD टोलीद्वारा मूल्याङ्कन गरिने छ। यदि मर्मत गर्न नसकिने गरी बिग्रिएको रहेछ छ भने नयाँ किन्दा जति खर्च लाग्छ त्यति नै खर्च आवश्यक हुनेछ । माथि हेर्नुहोस् । |

** पूर्ण प्रतिस्थापन शुल्कमा डिभाइस, सम्पूर्ण सहायक उपकरण, सफ्टवेयर लाइसेन्स र सेटअपमा लाग्ने खर्च समावेश हुन्छ ।*

**चोरी:**

यदि विद्यार्थीलाई डिभाइस जारी गरिएको अवधिमा यो चोरी हुन्छ भने, निम्नका लागि आमाबाबु/अभिभावकलाई उत्तरदायी ठहर गरिनेछ:

- विद्यालय नर्सलाई सूचित गर्न
- प्रहरीमा रिपोर्ट गर्न
- पूरै प्रतिस्थापन शुल्क भुक्तान गर्न

**स्कूलबाट स्थानान्तरण/रद्द गरिंदा डिभाइस वा सहायक सामग्री फिर्ता गर्न असफल:**

अर्को विद्यालयमा स्थानान्तरण गर्ने वा विद्यालयबाट बाहिरिने विद्यार्थीले उपकरण वा उपकरणका अतिरिक्त सामानहरू फिर्ता गर्न सकेनन् भने उनी नयाँ इन्टरनेट कनेक्टिभिटी डिभाइस किन्दा जति खर्च लाग्छ त्यति नै रकम भुक्तानी गर्न जिम्मेवार हुने छन् ।

## <u>आमाबाबुको अनुमति र खुलासा</u>

यस सम्झौतामा हस्ताक्षर गरेर तपाईंले यस कागजातमा भएका मार्गनिर्देशनहरू पढ्नुभएको र बुझ्नुभएको संकेत गर्नुहुन्छ र तपाईंको विद्यार्थीलाई डिभाइस जारी गरिएको स्वीकार गर्नुहुन्छ । तपाईंले इन्टरनेट जडान यन्त्र DCSD को सम्पत्तिमा रहन्छ र डिस्ट्रिक्ट र/वा वर्षको अन्त्यमा सङ्कलन प्रक्रियामा फिर्ता गर्नुपर्छ भनी बुझ्नुहुन्छ। यन्त्र र सहायक सामग्रीहरू तपाईंको बच्चाको साथमा हुँदा क्षति भएमा, हराएमा वा चोरी भएमा यसका लागि तपाईंको विद्यार्थी उत्तरदायी हुन्छ भनी बुझ्नुहुन्छ र यस कागजातमा उल्लेख गरिएका जरिवाना शुल्कहरूमा सहमत हुनुहुन्छ ।

तपाईंले के कुरा बुझ्नु भएको छ र सहमत हुनुहुन्छ भने विद्यालय परिसर बाहिर, विद्यार्थीले उपकरण कसरी प्रयोग गर्छन् र उपकरण शैक्षिक प्रयोजनको लागि मात्र प्रयोग हुनेछ भनेर निगरानी गर्न तपाईं मात्र जिम्मेवार हुनुहुन्छ । तपाईंले के कुरा बुझ्नुभएको छ भने विद्यार्थीले अनुपयुक्त वा निषेधित क्रियाकलापहरूका लागि उपकरण प्रयोग गरे भने उनीहरूलाई अनुशासनसम्बन्धी कारबाही गर्न सकिन्छ ।

तपाईं र तपाईंका विद्यार्थी DeKalb County School District हरूका दुरुपयोग, खराब, छेडछाड, ह्याकिङ वा बिगार्नेका कारण जानाजानी वा अनजान क्षतिका लागि जिम्मेवारी छैन भन्ने कुरामा सहमत हुनुहुन्छ। DeKalb County School District को इन्टरनेटको स्वीकार्य प्रयोग सम्झौताको अनुपालन नगर्ने कुनै पनि विद्यार्थी प्रयोगकर्तालाई स्थानीय स्कूल प्रशासनद्वारा लागू गरिएका अनुशासनात्मक मापनहरूको अधीनमा राखिनेछ । विद्यार्थीले गर्ने उल्लङ्घनहरूका कारण उचित अनुशासनात्मक कार्यवाही गरिनुका साथै उपलब्ध गराइएका पहुँच सुविधाहरू निलम्बन वा खारेज गर्न सकिनेछ ।

**आमाबाबु/अभिभावकको नाम**

**(कृपया पूरा नाम लेख्नुहोस्):** ____________________________________________

**आमाबुवा/अभिभावक**

**हस्ताक्षर:** ____________________________________________________________ मिति: ____________

# विद्यार्थी सम्झौता तथा हस्ताक्षर

1. म मेरो स्कूलले जारी गरेको डिभाइसको ख्याल राख्छु ।
    a. क्षति हुन नदिन कर्ड र केबलहरू ध्यान दिएर डिभाइसमा जोड्नुपर्छ ।
    b. उपकरणहरू कहिल्यै पनि अनलक गरिएका लकर, कार वा कुनै असुरक्षित क्षेत्रमा छोड्नु हुँदैन।
    c. Incident IQ - विद्यार्थीको हेल्पडेस्क पोर्टल मार्फत कुनै पनि सफ्टवेयर/हार्डवेयर समस्याहरू बारे रिपोर्ट गर्नुहोस् ।
    d. प्रयोगमा नहुँदा डिभाइसलाई सुरक्षित, तापक्रम नियन्त्रित वातावरणमा राख्नुहोस् ।
2. म स्कूलले मलाई दिएको डिभाइस कहिल्यै पनि अरूलाई सापटी दिने छैन ।
3. म खाना र पेय पदार्थलाई डिभाइसबाट टाढा राख्छु ।
4. म मेरो वा स्कूलबाट दिइएको कुनै पनि डिभाइसको पाटपूर्जा खोल्ने, प्रतिबन्धित वस्तुहरू खोल्ने वा ह्याक गर्नेछैन ।
5. म मेरो उपकरणमा कुनै पनि मर्मत गर्न प्रयास **गर्ने छैन**।
6. म मेरो स्कूलले मलाई जारी गरेको डिभाइसलाई उपलब्ध गराइएको केसमा राखेर यसको सुरक्षा गर्नेछु ।
7. म स्कूलले दिएको आफ्नो डिभाइसलाई चाहे स्कूलमा होस्, घरमा होस् वा कहीँ पनि होस्, उपयुक्त ढङ्गले र स्कूलले गरेको अपेक्षाहरू अनुसार प्रयोग गर्नेछु। मैले आफ्नो यन्त्र अनुपयुक्त तरिकाले प्रयोग गरेँ भने, म मेरो विद्यालयको अनुशासनात्मक कार्यको अधीनमा हुन सक्छु।
8. म विद्यालयमा जारी गरिएका यन्त्रमा सजावट (जस्तै स्टिकर, मार्कर, आदि) **राख्ने छैन**। म स्कूलले दिएको कुनै पनि डिभाइसमा भएको सिरियल नम्बरको स्टिकरलाई कोर्नेछैन ।
9. म बुझ्दछु कि स्कूलले जारी गरेको डिभाइसको बिना सूचना कुनै पनि समयमा निरीक्षण र लेखा परीक्षण हुन्छ । **मैले डिभाइसमा वा डिभाइसलाई गर्ने कुनै पनि कुरा गोप्य हुँदैन ।**
10. म शिक्षक वा मेरो स्कूलका ठूला व्यक्ति वा मेरा आमाबाबु/अभिभावक बाहेकका अन्य कसैलाई पनि आफ्नो पासवर्ड(हरू) दिने छैन ।
11. म इन्टरनेट जडान यन्त्र DCSD को सम्पत्तिमा रहने र शैक्षिक विद्यालय वर्षको अन्त्यमा सङ्कलन प्रक्रियाको क्रममा फिर्ता गर्नुपर्छ भनी बुझ्नुहुन्छ।
12. म बुझ्दछु कि यदि मेरो डिभाइसमा क्षति हुन्छ वा यसलाई हराउँछु वा यो चोरी हुन्छ भने, म यस डिभाइसको प्रतिस्थापन शुल्क भुक्तान गर्न बाध्य हुन्छु ।

**म यन्त्र प्रयोगकर्ता सम्झौता र विद्यार्थी सम्झौतामा उल्लिखित नियमहरूमा सहमत छु।**

**विद्यार्थीको नाम (कृपया पूरा नाम लेख्नुहोस्):** ______________________________

**विद्यार्थीको हस्ताक्षर:** ________________________________________________ मिति: ____________